# अबको बाटो 'डिजिटल एक्सपोर्ट'



रवीन्द्रभक्त श्रेष्ठ
युवा व्यवसायी

**पछिल्लो समय युवा जनशक्ति बाहिर गइरहेको छ । हामीले उद्योग-व्यवसायमा रोजगारी दिएका छौं । काम सिकाएर दक्ष जनशक्ति बनाउँछौं । सीप सिकेपछि छाडेर बिदेसिने प्रचलन बनेको छ । यसले हामी उद्योग-व्यवसायीलाई त घाटा छँदैछ, देशले समेत युवा जनशक्ति गुमाउँदा उत्पादन क्षेत्रमा असर परेको छ ।**

उद्योग-व्यापार पछिल्लो समय आर्थिक मन्दीको असरमा परेको छ । कोभिड-१९ पछि नै विश्वमा आर्थिक मन्दीको सुरुवात भएको थियो । त्यसको असर हामीकहाँ पनि परेको छ । अर्थतन्त्रका सबै सूचकलाई केलाएर हेर्नुपर्ने अवस्था आएको छ । उद्योग, व्यवसाय गर्दा राम्रोपछि नराम्रो र नराम्रोपछि राम्रा दिन आउँछन् । अहिले भने नराम्रा दिनहरू आएका छन् । तर, हामी उद्योग-व्यवसाय गर्ने व्यवसायी भने जहिले आशावादी भएर नै सोच्ने गर्छौं ।

नेपालको अर्थतन्त्र पछिल्लो समयमा सुस्ताएको छ । नेपालको अर्थतन्त्र सुधार नहुनु भनेको प्रणालीगत नै समस्या आएको जस्तो लाग्छ । यसमा सम्बन्धित निकायले ध्यान पुऱ्याउनुपर्नेछ । देखिएका समस्यालाई समयमा नै समाधान गर्नेतर्फ लागिएन भने आगामी दिनमा समाधान गर्न झनै कठिन पर्छ । अर्थतन्त्रलाई लयमा फिर्ता ल्याउन कठिन हुन्छ । अहिलेको अवस्था उद्योग-व्यवसाय विस्तारभन्दा पनि 'पर्ख र हेर' को अवस्था हो । समयको गतिसँगै चलाउँदै जानुपर्छ ।

विगतको तुलनामा भन्दा पछिल्लो समय उद्योग-व्यवसायमा सुधार भएको छ । तर, जति मात्रामा सुधार हुनुपर्ने हो त्यो भने हुन नसकेको अवस्था छ । हामी आशावादी छौं, पक्कै राम्रो समय आउनेछ ।

समग्र उद्योग-व्यवसायको कुरा गर्दा भने सरकारले ल्याउने नीति-नियमले निर्दिष्ट गर्छ । सरकारले कहिल्यै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन अर्थव्यवस्था सुधारको योजना ल्याएको छैन । कुनै पनि देशले आफ्नो बलियो पक्ष र कमजोर पक्ष के छ ? कसरी आर्थिक उन्नति गर्न सकिन्छ ? कुन क्षेत्रमा लगानी बढाउनुपर्छ । आर्थिक उन्नतिका लागि पहिचान भएका क्षेत्रहरू केके हुन् ? यी सबैको पहिचान गरी त्यसअनुसार रणनीति बनाएर अगाडि बढ्नुपर्छ । हामीले पहिचान गरेको ऊर्जा, पर्यटन, कृषि र यहाँ भएका खनिज पदार्थको उत्खनन गरी उत्पादन गर्ने हो । हामीसँग युवा जनशक्ति छ, त्यो पनि हाम्रो आर्थिक उन्नतिका लागि बलियो पक्ष हो । दुई ठूला छिमेकी देशले जस्तो उत्पादनमा जोड दिएर आर्थिक उन्नति गर्न सक्ने अवस्था छैन । तर, दुई छिमेकी देशको सीप र ज्ञानलाई आत्मसात् गरी समन्वयकारी ढंगबाट हामीले फाइदा लिन सक्ने ठाउँ छ । यी सबै कुरा हेरेर हामीले छोटो वा लामो कति वर्षको हो, त्यस्तो खालको आर्थिक योजना बनाउनुपर्छ । यस्ता योजनामा निजी क्षेत्रले के गर्ने, सरकारले के गर्ने, कुन क्षेत्रमा कति लगानी गर्ने, रोजगारी सिर्जना कति गर्ने र उत्पादित वस्तु तथा सेवाको उपयोग कसरी गर्ने ? लगायतका विषय समावेश गरी ठोस योजना बनाउनु आवश्यक छ । राष्ट्रिय योजना आयोगले अहिले बनाइरहेका योजनाबाट मुलुकको आर्थिक उन्नति होलाजस्तो लाग्दैन ।

यस्तो ठोस योजना बनाएर लागू हुन पहिलो सर्त राजनीतिक अस्थिरता हो । हामीकहाँ भइरहने सरकार परिवर्तनले उद्योग-व्यवसायमैत्री वातावरण विकास हुन सकेको छैन । सरकारी उल्झनले गर्दा सही रूपमा उद्योग-व्यवसाय सञ्चालन गर्न सक्ने अवस्था बनेको छैन । नीतिगत योजना बन्ने तर कार्यान्वयन नहुने अर्को समस्या छ । एउटा सरकारले नीति-नियम बनाएर जान्छ । सरकार परिवर्तन भएपछि नयाँले अर्को नीति ल्याउँछ । हामी उद्योग-व्यवसायी भने अघिल्लो सरकारले बनाएको नीतिअनुसार लगानी गर्ने प्रक्रियामा हुन्छौं । परिवर्तन भएको सरकारले नयाँ नीतिनियम ल्याउँदा उद्योगी-व्यवसायीलाई समस्या पर्छ र उद्योग व्यवसायले गति लिन सक्दैनन् । यसो हुँदा सरकारले लिएको आर्थिक समृद्धि पनि भएन र उद्योग-व्यवसायलाई पनि असर पर्न गयो । सरकार परिवर्तन भएसँगै राजनीतिक एजेन्डाले आर्थिक एजेन्डाहरूलाई छायामा पार्छ । सरकारको प्राथमिकता के हो, अब कुन क्षेत्रमा लगानी गर्ने हो, सरकारको योजना के छ, त्यो पहिचान भयो भने निजी क्षेत्रले त्यसतर्फ लगानी बढाउँछ ।

पछिल्लो समय दैनिक २ हजार बढी युवाले देश छोडिरहेका छन् । उद्योग-व्यवसायको अवस्था कस्तो हुने हो । सरकारले कस्तो नीति ल्याउने हो । त्यसको कुनै टुङ्गो छैन । भएका उद्योग-व्यवसाय संकटमा छन् । यहाँको रोजगारी गुम्दा युवा पलायन भएर बिदेसिरहेका छन् । नयाँ उद्योग-व्यवसाय सञ्चालन गरेर कोही युवा जोखिम मोल्न चाहँदैनन् । पर्ख र हेरको अवस्थामा युवाहरू समय फाल्न तयार छैनन् । त्यसैले सरकारले अब युवाहरूलाई प्रोत्साहन गर्ने र नेपालमा नै स्वरोजगार बन्ने नीति ल्याउनुपर्छ । नीति मात्र ल्याएर हुँदैन, त्यसको कार्यान्वयन पनि प्रभावकारी रूपमा गर्नुपर्छ ।

अब सरकारले निजी क्षेत्रलाई र निजी क्षेत्रले सरकारलाई दोष दिएर होइन, दुवै पक्षको समन्वयकारी ढंगबाट काम गर्नुपर्छ । अहिलेसम्मको हाम्रो प्रणालीगत त्रुटि थियो । हाम्रो सिस्टमले नै राम्रोसँग काम गरेको छैन । त्यसैले नयाँ सिराबाट काम गर्नु आवश्यक छ । जसले गर्दा देशमा उद्योगधन्दाको विकास हुन सकोस् र आर्थिक उन्नतिको बाटोमा आम नागरिक हिँडाउन सकियोस् । यसमा सरकारले नीति, नियम, योजना र पूर्वाधारको विकास गर्नुपर्छ । यसरी सरकारले बनाएको नीतिनियम र योजनामा सहभागिता जनाएर उद्योग-व्यवसाय सञ्चालन गर्ने हो, जसले गर्दा मुलुकमा रोजगारी सिर्जना हुन्छ । उद्योगधन्दाको स्थापनाले स्थानीय उत्पादनको उपभोग बढेर जान्छ ।

पछिल्लो समय युवा जनशक्ति बाहिर गइरहेको छ । हामीले उद्योग-व्यवसायमा रोजगारी दिएका छौं । काम सिकाएर दक्ष जनशक्ति बनाउँछौं । सीप सिकेपछि छाडेर बिदेसिने प्रचलन बनेको छ । यसले हामी उद्योग-व्यवसायीलाई त घाटा छँदैछ, देशले समेत युवा जनशक्ति गुमाउँदा उत्पादन क्षेत्रमा असर परेको छ । सरकारले युवालाई रोक्न नेपालमै अवसर विकास गर्नुपर्छ । युवाको इच्छा, चाहनाअनुसार समय-समयमा उसको वृद्धि विकासमा ध्यान दिनुपर्छ ।

नेपालमा अवसरका क्षेत्र हेरेर त्यसमा सहज लगानीको वातावरण बनाउनुपर्छ । अहिलेको युवा भनेको सूचना प्रविधिमा ज्ञान राख्ने वर्ग हो । अहिले नै नेपालमा सूचना प्रविधि उद्योगको धेरै विकास भइरहेको छ । विभिन्न देशका सूचना प्रविधिका काम नेपालमा नै बसेर गर्न सकिन्छ । सूचना प्रविधि सेवा निर्यात गर्ने उद्देश्यले सञ्चालित उद्योगलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थापना गर्न सरकारले चालु आर्थिक वर्षको बजेटमा घोषणा गरेको छ । युवाहरू सफ्टवेयर इन्जिनियरमा आकर्षित छन् । उनीहरूले बनाएका सफ्टवेयर निर्यात भएका छन् । सूचना प्रविधिमा बिजनेस प्रोसेस आउट सोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङजस्ता सेवा निर्यात गरी विदेशी मुद्रा आर्जनको बलियो स्रोत बन्न सक्छ । नेपालमा सूचना प्रविधिको काम मात्र नभएर प्रडक्ट बनाएरै निर्यात गर्न सकियो भने डिजिटल एक्सपोर्टले चुलिँदो व्यापारघाटा कम गर्न सहयोग पुग्छ । सरकारले ल्याएको नीतिमा हामीले सहजीकरण गर्न सक्छौं ।

नवप्रवर्तन र उद्यमशीलता विकास गर्न उद्यमशील सोच भएका युवाहरूलाई व्यवसायमा रूपान्तरण गर्न 'इन्क्युवेसन सेन्टर' सञ्चालन गर्नुपर्छ । सरकारले विदेशी मुद्रा आर्जन गर्ने सूचना प्रविधि क्षेत्रका जनशक्तिलाई प्रोत्साहित गरेर लाभ लिन सक्छ । यसका लागि निजी क्षेत्र र सरकारले समन्वय गरेर पठनपाठनदेखि प्रतिस्पर्धी क्षमता विकासमा जोड, उच्च गतिको भरपर्दो इन्टरनेट सेवा, सूचना प्रविधि पूर्वाधार, आवश्यक नीति र कानुन, सरोकारवालाबीच समन्वय र सहकार्यमा जोड दिएमा सूचना र प्रविधि क्षेत्रको विकास सम्भव छ । युवालाई सूचना प्रविधि क्षेत्रमा आकर्षण बढाउन भने आवश्यक छ । अर्को भनेको हामीले स्थानीय उत्पादनको उपभोग र उपयोग गरेर आयात घटाउन सक्छौं । सरकारले पनि स्थानीय उत्पादनको उपयोगमा जोड दिनुपर्छ । स्वदेशी वस्तुको उत्पादन तथा उपभोग प्रवर्द्धनमा जोड दिनुपर्छ । नेपाली उत्पादन वृद्धि गरी आत्मनिर्भरउन्मुख अर्थतन्त्र निर्माण गर्नुपर्छ । नेपाली उपभोक्तालाई स्वदेशी उत्पादनको उपभोग गर्न प्रोत्साहन गर्नुपर्छ । नेपाली उत्पादन बढाउन सके देशभित्रै रोजगारीका पर्याप्त अवसर सिर्जना हुन्छन् । यसका लागि नेपाली वस्तु र सेवाको उत्पादन वृद्धि र यसको प्रवर्द्धनमा जोड दिनु आवश्यक छ ।

*प्रस्तुति : दीपेन्द्र थापा*






